आज मिति २०७९ साल चैत्र २६ गते तदनुसार ( April 9, 2023) आइतबार मानेभन्ज्याङ गाउँपालिका अध्यक्ष श्री ज्ञानेन्द्र रुम्दाली ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी निम्न उपस्थितिमा तपसिल बमोजिमको विषयहरुमा छलफल गरी निर्णय गरियो ।

| नामथर | पद | हस्ताक्षर |
|---|---|---|
| श्री ज्ञानेन्द्र रुम्दाली | अध्यक्ष | |
| श्री आश्राचन राई | उपाध्यक्ष | |
| श्री राज कुमार रुम्दाली | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री राममणी राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री जितेन्द्र राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री विष्णु बहादुर तामाङ्ग | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री राम कुमार राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री हेमराज राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री विष्णु प्रसाद गौतम | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री भीम बहादुर बलम्पाकी मगर | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री पूर्ण बहादुर मगर | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री कृष्ण कुमारी राई | कार्यपालिका सदस्य | |
| श्री गोमा कुमारी बि.क. | कार्यपालिका सदस्य | |
| श्री बाल कुमारी पुलामी | कार्यपालिका सदस्य | |
| श्री विमला के.शी. | कार्यपालिका सदस्य | |
| श्री युवराज नेपाली | कार्यपालिका सदस्य | |
| श्री छविलाल राई | प्र.प्र.अ./ सचिव | |

आमन्त्रित उपस्थितिः

हस्ताक्षर

१.श्री गायत्री प्रसाद दाहाल ६ नं. वडा कार्यवाहक वडाध्यक्ष

२.श्री दिपकराज पोखरेल, ५ नं. वडा कार्यवाहक वडाध्यक्ष

३.श्री भोग बहादुर राई, लेखा अधिकृत

४.श्री विपिन कार्की, सूचना प्रविधि अधिकृत

५.श्री जीवराज राई, कार्यालय सहयोगी

CamScanner

२०७९ चैत्र २६ गते तदनुसार April 9, 2023 आइतबारको बैठकमा पेश भएका कार्यसूचीहरु :

१. रोजगारमूलक योजना सम्बन्धमा ।
२. गरिव परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम गुनासो सुनुवाई समिति गठन सम्बन्धमा ।
३. सहकारी लेखा व्यवस्थापन तालिम र वित्तिय साक्षरता तालिम सम्बन्धमा ।
४. कृषि विकास शाखा अन्तरगतका कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।
५. GRB (लैङ्गिक उत्तरदायी बजेट) तालिम सम्बन्धमा ।
६. साना सिंचाइ निर्देशिका पारित सम्बन्धमा ।
७. हर्कपुर बजार क्षेत्रमा सिसि क्यामेरा जडान स्थानमा सडक बत्ति जडान सम्बन्धमा ।
८. राहत उपलब्ध गराउने सम्बन्धमा ।
९. खेलकुद प्रतियोगितामा खेलाडी सहभागी गराउने तथा सोको बजेट स्रोत व्यवस्था सम्बन्धमा ।
१०. क्यान्टिन टेन्डर सम्बन्धमा ।
११. साझेदारी कार्यक्रमको बजेट खर्च सम्बन्धमा ।
१२. सहजीकरण समिति गठन सम्बन्धमा ।

## २०७९ साल चैत्र २६ गते आइतबारको बैठकका निर्णयहरुः

निर्णय नं.१: यस गाउँपालिकाको वडा नं. ८ का चालु आ.व. २०७९/८० का ६ जना सूचीकृत विपन्न बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी (१०० दिन) प्रत्याभूत गर्न राघवपुर खेलमैदान ग्याबिन वाल प्रमरोका साझेदारी योजना सञ्चालन गरिएकोमा अन्तिम प्राविधिक मूल्याङ्कन अनुसार ती श्रमिकहरुलाई ८/८ दिनको रोजगारी सिर्जना हुन नसकी आइडिए स्रोतको (सशर्त अनुदान) रु.३३७९२/- अक्षरुपी तेत्तिस हजार सात सय बयानब्बे रुपियाँ ज्याला रकम खर्च हुन नसकेकोले ज्याला बाहेकको अतिरिक्त भार वडा कार्यालयले व्यहोर्ने गरी रोजगार सेवा केन्द्रको समन्वयमा अमानतबाट वडा कार्यालय मर्मत योजना सञ्चालन गरी ति विपन्न बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रात्याभूत गर्ने निर्णय गरियो ।

निर्णय नं.२ गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम गुनासो सुनुवाइ मार्गदर्शन,२०७८ अनुसार स्थानीय तहमा गुनासो सुनुवाइ कार्यलाई सहजीकरण गर्न तपसिल बमोजिमका समिति गठन गर्ने व्यवस्था भए अनुसार आजको कार्यपालिका बैठकबाट गठन गर्ने निर्णय गरियो ।

तपसिलः

क. गाउँपालिका उपाध्यक्ष श्री आश्राचन राई – संयोजक

ख. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ग. अध्यक्ष ज्यूले तोकेको कापा महिला सदस्य श्री विमला केशी - सदस्य

घ. गुनसो सुनुवाइ अधिकारी श्री बुद्धिराज गौतम - सदस्य सचिव

निर्णय नं.३. गाउँसभाबाट सहकारी लेखा व्यवस्थापन तालिम शीर्षकमा रु.३०००००/- अक्षरुपी तीन लाख रुपैयाँ र वित्तिय साक्षरता तालिम शीर्षकमा रु.३०००००/- अक्षरुपी तीन लाख रुपैयाँ विनियोजन भएको हुँदा उक्त तालिम यस गाउँपालिकाभरीका सहकारीहरुको लागि सञ्चालन गर्ने, तालिम सञ्चालन गर्न सहकारीलाई नै दिने तर सूचना प्रकाशन गरी प्रस्ताव पत्र माग गर्ने, प्रस्ताव पत्र पेश भएपछि जुन सहकारीले उत्कृष्ट प्रस्ताव पत्र पेश गर्छ सोही सहकारीलाई तालिम सञ्चालन गर्न दिने निर्णय गरियो ।

निर्णय नं.४. यस गाउँपालिकाको आ.व.२०७९/८० कृषि विकास शाखा अन्तरगत तपसिल अनुसारको वार्षिक स्वीकृत कार्यक्रमहरु रहेको हुँदा तपसिल अनुसार गर्ने निर्णय गरियो ।

तपसिलः

क. ७५ प्रतिशत अनुदानमा हिउँदे फलफूलको बिरुवा वितरण कार्यक्रम अन्तरगत रु.१५०००/- अक्षरेपी एकलाख पचास हजार रहेको हुँदा उक्त बजेटबाट केराको बिरुवा (G-9, विलियम हाइब्रिड) जातको खरिद गरी वितरण गर्ने निर्णय गरियो ।

ख. ७५ प्रतिशत अनुदानमा कृषि यान्त्रीकरण कार्यक्रम अन्तरगत रु.७०००००/- अक्षरुपी सात लाख रुपैयाँबाट मिनि ट्रिलर खरिद गरी वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं.५: यस गाउँपालिकाको कार्यपालिका सदस्य तथा कर्मचारीहरुलाई GRB (लैङ्गिक उत्तरदायी बजेट) सम्बन्धी १ (एक) दिने तालिम सञ्चालन गर्ने निर्णय गरियो। यसको बजेट स्रोत तथा सञ्चालन मिति श्रोतव्यक्तिहरुसँग समन्वय गरी तय गरिने निर्णय गरियो ।

निर्णय नं.६: स्थानीय तहमा साना सिँचाइ विकासका कार्यक्रम तथा आयोजनाहरूको छनोट, अध्ययन-सर्वेक्षण, प्राथमिकीकरण, निर्माण तथा स्तरोन्नति, सञ्चालन र व्यवस्थापनलाई प्रभावकारी बनाई कृषिजन्य उत्पादन र उत्पादकत्वमा वृद्धि गरी प्राप्त हुने प्रतिफलको वितरणलाई व्यवस्थित र न्यायोचित बनाउन वाञ्छनीय भएकाले आजको कार्यपालिका बैठकबाट **मानेभन्ज्याङ गाउँपालिकाको साना सिँचाइ आयोजना सञ्चालन निर्देशिका,२०७९** पारित गरी लागू गर्ने निर्णय गरियो ।

निर्णय नं.७: यस गाउँपालिकाको वडा नं. ७ मा अवस्थित हर्कपुर बजारको सिसि क्यामेरा जडान भएको ठाउँमा सडक बत्ति जडान गर्न आवश्यक भएको र हर्कपुर प्रहरी चौकीबाट पालिकासँग अनुरोध भइ आएको हुँदा जडानको लागि सडक डिभिजन कार्यालय हर्कपुर र नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरी जडानको लागि पहल गर्ने जसमा सडक डिभिजन कार्यालय हर्कपुरबाट पोल र बत्ति उपलब्ध गराउन अनुरोध गर्ने, नेपाल विद्युत प्राधिकरणसँग मिटर बक्स र तार उपलब्ध गराउन अनुरोध गर्ने र गाउँपालिकाले सो बत्तिको महशुल तिर्ने गरी जडान गर्ने निर्णय गरियो ।

निर्णय नं.८: यस गाउँपालिकाको वडा नं. ५ निवासी श्री टिका बहादुर श्रेष्ठको मिति २०७९/०५/२० गतेको दिन वर्षाको कारणले गोठ/ मतान भत्किइ जम्मा ५(पाँच) वटा बाख्रा (बयर बोका समेत) मरेको हुँदा रु. १५०००/- अक्षरुपी पन्ध्र हजार मात्र राहत उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.९: जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्डमा यस गाउँपालिकाबाट खेलाडी सहभागी गराउन उक्त प्रयोजनको लागि चालु आ.व. मा कुनै बजेट विनियोजन नभएकोले यातायात खर्च सवारी साधन तथा मेशिनरी भाडा बजेट शीर्षकबाट, केही खर्च कार्यक्रम बजेट खर्च शीर्षकबाट र बाँकी अपुग रकम विविध खर्च शीर्षकबाट वढीमा रु.२५००००/- अक्षरुपी दुईलाख पचास हजार मात्र खर्च गर्ने निर्णय गरियो ।साथै आमचोक गाउँपालिका भोजपुरमा सञ्चालन हुने छौंखा साकेन्वा प्रदेश स्तरीय अन्तर न.पा./गा.पा. खुल्ला पुरुष तथा महिला भलिबल चौथो रनिङ शिल्ड प्रतियोगितामा महिला खेलाडीहरु सहभागी हुनको लागि लाग्ने खर्च वढीमा रु.१२००००/- अक्षरुपी एक लाख बीस हजार मात्र विविध खर्च शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं.१०: यस गाउँपालिकाको कार्यालयमा सञ्चालन हुने क्यान्टिनको लागि शिलबन्दी दरभाउ पत्र आव्हान गरी पालिकाले तोकेको न्यूनतम दररेट, मापदण्ड तथा न्यूनतम कबोल अंकभन्दा बढाबढमा जसले अधिकतम अंकमा प्रस्ताव पेश गर्दछ उक्त फर्मलाई क्यान्टिन सञ्चालनको अनुमति दिने निर्णय गरियो । साथै दररेट निर्धारणको लागि तीन सदस्यीय दररेट निर्धारण समिति गठन गर्ने निर्णय गरियो ।

CamScanner

संयोजक वडाध्यक्ष श्री भीमबाहादुर बलम्पाखी मगर

सदस्य वडाध्यक्ष श्री पूर्ण बहादुर मगर

सदस्य वडासदस्य श्री दिपकराज पोखरेल

निर्णय नं.११: यस गाउँपालिकाले DCRL, भू तथा जलाधार कार्यालय ओखलढुङ्गा र मानेभन्ज्याङ गाउँपालिकाको साझेदारीमा यस पालिकाको कम्पाउण्डभित्र आकाशे पानी संकलन, टयाङ्की मर्मत, हिलटयाङ्क खरिद कार्यको लागि पालिकाले व्यहोर्नु पर्ने खर्च दायित्व रु.१०००००/- अक्षरुपी एकलाख रुपैयाँ मात्र सरकारी तथा गैर सरकारी संस्थासँग साझेदारी कार्यक्रमबाट खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं.१२: भूमीहिन दलित, भूमीहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०७८ को दफा ४ मा सहजीकरण समितिको व्यवस्था भए अनुसार यस गाउँपालिकामा तपसिल अनुसारको समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल:

क. पालिका अध्यक्ष श्री ज्ञानेन्द्र रुम्दाली -संयोजक


ख. पालिका उपाध्यक्ष श्री आश्राचन राई -उपसंयोजक


ग. राष्ट्रिय मान्यताप्राप्त क्रियाशील राजनैतिक दलले खटाएका १/१ जना (नेपाली कांग्रेस,नेकपा एमाले, ए.मओवादी केन्द्र, जसपा) -सदस्य

घ. कार्यपालिका सदस्यबाट दलित/अल्पसंख्यक/महिला मध्ये २ जना (श्री युवराज नेपाली, श्री कृष्ण कुमारी राई) -सदस्य

ङ. सहजीकरण समितिले मनोनय गरेको प्रतिनिधि १ महिला/१ दलित सहित ३ जना (क्रियाशील किसान श्री भीम बहादुर बराल मगर, संघसंस्थाबाट श्री सूर्य बहादुर मगर, भूमिहीन श्री धिरज अधिकारी –सदस्य

च. प्रमुख प्रशासकीय अधिकृत -सदस्य-सचिव





CamScanner